MEDHA Vol. VIII(II), 2026, ISSN: 2382-5146

# ‘अब गाउँ ब्युँझियो’ कथामा अनुभूतिको संरचना

**सुमित्रादेवी तामाङ**, उप–प्राध्यापक नेपाली विभाग

भक्तपुर बहुमुखी क्याम्पस भक्तपुर, त्रिभुवन विश्वविद्यालय

Email: sumighising9@gmail.com

ORCID ID: https://orcid.org/0009-0001-4746-6110

**लेखसार**

‘अब गाउँ ब्युँझियो’ रोहित दाहालद्वारा लिखित मार्क्सवादी प्रगतिवादी चिन्तनमा आधारित कथा हो । सामाजमा व्याप्त जातीय र वर्गीय दमन र शोषणको विरोध गर्दै समानताको आवाजलाई मूल स्वर बनाइएको छ । प्रस्तुत लेखमा उक्त कुराको अनुभूति कसरी संरचित भएको छ भन्ने कुरालाई मुख्य समस्या बनाई समाधानको खोजी गरिएको छ । यसका लागि बेलायतका नवमार्क्सवादी चिन्तक रेमण्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई मुख्य सैद्धान्तिक आधारको रूपमा लिइएको छ । यसमा गुणात्मक विधिमा आधारित पाठविश्लेषण पद्धतिको उपयोग गरिएको छ भने लेख तयार पार्न चाहिने चाहिने सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई प्राथमिक र द्वितीयक गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । प्राथमिक सामग्रीका रूपमा रोहित दाहालको ‘अब गाउँ ब्युँझियो’ कथालाई चयन गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा अनुभूतिको संरचनासम्बन्धी सिद्धान्तसँग सम्बद्ध पुस्तक, समालोचनात्मक ग्रन्थ र फुटकर लेखको उपयोग गरिएको छ । पिँढीगत अनुभूति र दबाब र तनावजन्य अनुभूतिको संरचनालाई विमर्शको प्रमुख आधार बनाई विश्लेषण गर्दा प्रस्तुत कथामा पुस्ताहरूमा दबाब र तनावको स्थिति सिर्जना भई कथावस्तु अघि बढेको देखिन्छ भने यसैबीचबाट विशिष्ट अनुभूतिजन्य संस्कृतिको संरचना निर्माण भई पिँढीगत अनुभूतिको संरचना निकै सशक्त ढङ्गले अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

*मुख्य शब्दहरू* : अधीनस्थ, उदीयमान पिँढी, मीमांसावादी धारा, वैचारिक चिन्तन

Article's information : Manuscript received : 2026/01/10, Date of review : 2026/02/28, Date of manuscript acceptance 2026/03/20 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar

DOI : https://doi.org/10.3126/medha.v8i2.92603

Homepage : https://www.nepjol.info/index.php/medha Copy right (c) 2025 @ Medha Journal. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख रोहित दाहालको ‘अब गाउँ ब्युँझियो’ कथामा अनुभूतिको संरचनासम्बन्धी अध्ययनमा केन्द्रित छ । नेपाली कथालेखनको उत्तरवर्ती चरणमा सशक्त कथाकारका रूपमा सक्रिय दाहाल मूलतः प्रगतिवादी कथाकार हुन् । उनको इस्पातले बनेका मान्छेहरू (२०५६) शीर्षकको कथासङ्ग्रह प्रकाशित छ । उनका कथामा मार्क्सवादी प्रगतिवादी वैचारिक चिन्तन मूल रूपमा अभिव्यक्त भएको पाइन्छ । समाजमा व्याप्त वर्गीय तथा जातीय विभेद, परम्परागत रूढिवादी मान्यता तथा शोषण र अन्यायअत्याचारको विरोध गर्नु उनका कथालेखनका मूलभूत प्रवृत्ति हुन् । सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत ‘अब गाउँ ब्युँझियो’ कथामा पनि यिनै कुराको अभिव्यक्ति भएको छ । कथामा यी कुराहरू कसरी अभिव्यक्त भएका छन् भन्ने कुराको विश्लेषण यहाँ साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिबाट गर्ने प्रयत्न गरिएको छ । त्यसका लागि अनुभूतिको संरचनालाई मुख्य आधार मानिएको छ ।

अनुभूतिको संरचनामा आधारित भएर यसअघि थुप्रै प्रायोगिक कार्य भएको छ । असमान लामा (सन् २०२२) ले ‘कुलेले आत्महत्या गऱ्यो ? कथामा अनुभूतिको संरचना’ शीर्षकको लेख लेखेका छन् भने अनिल अधिकारी र बाबुराम

तिमल्सेना (सन् २०२३) ले 'परालको आगो कथामा अनुभूतिको संरचना' शीर्षकको लेख लेखेका छन् । हरिप्रसाद सिलवाल (सन् २०२३) ले 'अग्निदत्त+अग्निदत्त उपन्यासमा अनुभूतिको संरचना' लेखमा पारिवारिक विषमताको अनुभूति र राजनीतिक–प्रशासनिक विकृतिको अनुभूतिका आधारमा उपन्यासको विश्लेषण गरेका छन् भने दीपकप्रसाद गौतम (सन् २०२४) ले 'प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचना' लेखमा अस्थिर दबाब र तनावका कारण उत्पन्न अनुभूति, पिढीगत संस्कृतिका कारण उत्पन्न अनुभूति र प्रभुत्वका कारण उत्पन्न अनुभूतिका आधारमा उपन्यासको विश्लेषण गरेका छन् । यसै गरी होमनाथ जोशी (सन् २०२५) ले 'थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना' शीर्षकको लेख लेखेका छन् । उनले कथामा पि"ढी र प्रभुत्व र अनुभूतिको संरचनाका आधारमा कथाको विश्लेषण गरेका छन् । शारदादेवी लामिछाने (सन् २०२६) ले 'विकासको कुलो कथामा अनुभूतिको संरचना' शीर्षकको लेख लेखेकी छन् । 'अब गाउँ ब्युँझियो' कथामा अनुभूतिको संरचना शीर्षकमा हालसम्म कुनै पनि प्रायोगिक कार्य नभएकाले उक्त शोधरिक्तताको परिपूर्तिका लागि प्रस्तुत लेखिएको हो ।

अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको मीमांसावादी धारा अन्तर्गतको एक समालोचकीय दृष्टिकोण हो । यसको स्थापना अङ्ग्रेजीका समालोचक रेमन्ड विलियम्सले गरेका हुन् । यसले साहित्यमा समाज र संस्कृतिको सम्बन्धलाई विशेष जोड दिन्छ । विलियम्सका अनुसार कुनै एउटा खास कालखण्डमा कुनै एउटा संस्कृति मूलधार वा केन्द्रीय संस्कृतिको रूपमा रहेको हुन्छ र त्यो प्रभुत्वशाली हुन्छ । यसको अलाबा समाजमा अर्को वैकल्पिक संस्कृति पनि हुन्छ र त्यसले प्रभुत्वशाली संस्कृतिको विरुद्धमा नयाँ मूल्य र मान्यताको स्थापना गर्न खोजिरहेको हुन्छ । यस्ता संस्कृतिका बिचमा समाजमा तीन पुस्ता विद्यमान हुन्छन् : प्रभुत्वशाली पुस्ता, अधीनस्थ पुस्ता र उदीयमान पुस्ता । यीमध्ये पहिलो शासक जस्तै प्रभुत्वशाली हैसियतमा हुन्छ भने दोस्रो र तेस्रो पुस्ताले मानसिक दबाब र तनाबको स्थिति भोगिरहेको हुन्छ र त्यसको समाधानका लागि प्रभुत्वशाली पुस्ताको विकल्पमा नयाँ अनुभूतिको संरचना निर्माण गरिरहेको हुन्छ । विलियम्सका अनुसार हरेक कालखण्डमा यस्ता पिंढी र समुदायका अनुभूति हुन्छन् र कला–साहित्य यसैका उपज हुन् । प्रस्तुत लेख उनका यसै मान्यताका आधारमा 'अब गाउँ ब्युँझियो' कथाको विश्लेषणमा केन्द्रित रहेको छ ।

**समस्याकथन र उद्देश्य**

प्रस्तुत लेखको मुख्य समस्या 'अब गाउँ ब्युँझियो' कथामा अनुभूतिको संरचनाको विश्लेषण गर्नु हो । प्रस्तुत कथामा पि"ढीगत अनुभूति तथा दबाब र तनावजन्य अनुभूतिलाई मुख्य संरचनाको रूपमा अभिव्यक्त गरिएको छ । नेपाली कथापरम्परामा यस विषयलाई आधार मानी विभिन्न कथाको विश्लेषण गरिए पनि यस कृतिका विषयमा रहेको रिक्तताको परिपूर्तिका लागि यस लेखको समस्या उपयुक्त रहेको छ । यस कथामा यी कुराहरू कसरी अभिव्यक्त भएका छन् भन्ने समस्यालाई निम्नलिखित शोधप्रश्नका रूपमा प्रस्तुत गरिएको छ :

क) 'अब गाउँ ब्युँझियो' कथाको सामाजिक संरचना केकस्तो छ ?

ख) 'अब गाउँ ब्युँझियो' कथामा पिंढीगत अनुभूति र प्रभुत्वको संस्कृति कसरी प्रस्तुत गरिएको छ ?

ग) 'अब गाउँ ब्युँझियो' कथामा दबाब र तनावजन्य अनुभूतिको चित्रण गर्नुको प्रयोजन के हो ?

प्रस्तुत शोधप्रश्नले उठाएको प्राज्ञिक जिज्ञासाको निराकरण गर्नु तथा कथामा चित्रित अनुभूति र संस्कृतिको विश्लेषण गरी खास निष्कर्षमा पुग्नु यस लेखको मुख्य उद्देश्य हो । यस किसिमको प्राज्ञिक कार्य आवश्यक भएकोले यसको महत्त्व र औचित्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत 'अब गाउँ ब्युँझियो' कथामा अनुभूतिको संरचना शीर्षकको प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका लिइएको छ भने अनुभूतिको संरचनासम्बन्धी लेखिएका सैद्धान्तिक पुस्तक, समालोचना र लेखरचनालाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । गुणात्मक ढाँचाअनुरूप पाठविश्लेषण विधिद्वारा पूर्वस्थापित मान्यताका आधारमा उक्त कथाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसका लागि निगमनात्मक विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिको एक महत्त्वपूर्ण अवधारणा हो । कुनै पनि कृति वा साहित्य समाजनिरपेक्ष हुन सक्दैन अर्थात् कुनै न कुनै रूपबाट समाजको चित्रण साहित्यमा गरिएको हुन्छ भन्ने मान्यतास्वरूप समाजको सापेक्षतामा साहित्यको अध्ययन गर्ने प्रणाली वा पद्धति साहित्यको समाजशास्त्रीय अध्ययन पद्धति हो । यसको आरम्भ उन्नाइसौँ शताब्दीमा हिप्पोलिट अडोल्फ तेनले गरेका हुन् । यिनीपूर्व फ्रान्सेली चिन्तक मेडम डे स्तेलले सात्यिमा समाजशास्त्रीय चिन्तनको विकास गरेकी भए पनि यसको व्यवस्थित अध्ययनको आरम्भ तेनले गरेकाले उनलाई नै यस अध्ययन पद्धतिको प्रथम व्यक्ति मानिन्छ । यसपछि विभिन्न व्यक्तित्वहरूले विभिन्न अवधारणाका साथ यस प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याए । तीमध्येका एक प्रमुख अवधारणा अनुभूतिको संरचना हो भने यसका प्रतिपादक रेमन्ड विलियम्स हुन् । विलियम्सले साहित्यलाई समाज र संस्कृतिसँग जोडेर हेर्नुपर्ने मान्यता अघि सार्दै संस्कृतिको अध्ययनबाट मात्र साहित्यको समाजशास्त्रीय अध्ययन पूर्ण हुने बताएका छन् । यसै सन्दर्भमा उनले अनुभूतिको संरचनासम्बन्धी अवधारणाको विकास गरेका हुन् ।

अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययनको मीमांसावादी धाराअन्तर्गतको महत्त्वपूर्ण अवधारणा हो । मार्क्सवादी चिन्तन र बेल्सको श्रमिक जीवन तथा त्यहाँको संस्कृतिको प्रभावमा रेमण्ड विलियम्स (सन् १९२१—१९८८) ले यस अवधारणाको विकास गरेका हुन् (पाण्डेय, २०७८, पृ. २५) । विलियम्सका अनुसार अनुभूतिको संरचना समाजिक व्यक्ति चरित्रभन्दा बढी समुदायका धेरै व्यक्तिहरूको समान भावना हो । यस्ता भावना धेरै गहिरो र धेरै व्यापक हुन्छ जुन संस्कृतिको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा उचित रूपमा हस्तान्तरण गरिन्छ । उनका अनुसार कुनै पनि समाजमा एक विशेष समय र स्थानको जीवित संस्कृति हुन्छ र उक्त संस्कृति उक्त स्थान र समयमा बसोबास गर्ने मानिसहरूको लागि पूर्ण रूपमा पहुँचयोग्य हुन्छ । त्यहाँ हरेक प्रकारका संस्कृतिको रेकर्ड हुन्छ । यद्यपि मानिसहरू यसलाई पूर्ण रूपमा बुझ्न असफल हुन्छन् (विलियम्स, सन् १९६५, पृ. ६५—६६) । उनी संस्कृतिको सम्बन्ध समाजसँग हुन्छ हुने धारण राख्छन् । उनका अनुसार समाजमा संस्कृति हुन्छ र इतिहास र साहित्य पनि समाजकै हुन्छ तसर्थ समाज र साहित्यलाई संस्कृतिको कोणबाट हेर्नुपर्छ । यसका लागि लेखकमा संस्कृति र समाजमा आएको परिवर्तन र तिनका बिचको सम्बन्धको बोध हुनुपर्छ (पाण्डेय, सन् २००६, पृ. १६१) । उनले संस्कृतिका विभिन्न नयाँ र पुराना रूपहरू हुने र तिनको विकास ऐतिहासिक क्रममानुसार हुने कुरा समेत उल्लेख गरेका छन् । तसर्थ उनको यस मान्यतालाई सांस्कृतिक भौतिकवाद पनि भन्ने गरिएको छ । उनले संस्कृतिलाई जीवनको समग्र पद्धतिका रूपमा लिएर त्यसका विभिन्न तत्त्वहरूको पारस्परिक सम्बन्धको व्याख्या गरेका छन् । उनका अनुसार विभिन्न सांस्कृतिक ढाँचाका आपसी सम्बन्धको खोजबाट पुरै संस्कृतिको स्वरूप निर्माण गर्न सकिन्छ । यस क्रममा उनले संस्कृतिका तीनओटा रूप हुने कुराको उल्लेख गरेका छन् । पहिलो संस्कृति जीवन्त अनुभवका रूपमा रहन्छ भने दोस्रो संस्कृति कलाकृतिदेखि अन्य वस्तुहरूमा प्रकट हुने दस्ताबेजी किसिमको हुन्छ र तेस्रो संस्कृति चाहिँ अघिल्ला दुईओटा संस्कृतिको सम्बन्धबाट निर्माण हुन्छ जसलाई परम्पराको संस्कृति भनिन्छ । साहित्य संस्कृतिको दोस्रो रूप हो । जब स्रष्टाले कुनै पनि जीवन्त घटना देख्छ त्यसप्रति ऊ संवेदनशील हुन्छ र त्यसमा लीन भएको अवस्थामा प्राप्त अनुभूतिका आधारमा साहित्यको

सिर्जना गर्दछ। वास्तवमा यसैलाई अनुभूतिको संरचना भनिन्छ। उनका विचारमा संरचनाले सुनिश्चित रूपलाई बुझाउँछ भने अनुभूतिले कलाको अनुभवपक्षलाई सङ्केत गर्दछ। यस्तो संरचनामा कुनै एक कालखण्डको संस्कृति प्रस्तुत भएको हुन्छ (पाण्डेय, २०७८, पृ. २६)। जहाँ तत्समयको सामाजिक अवस्था वा भौतिक जीवन तथा सामाजिक संरचनाको निश्चित स्वरूप र विचारलाई पुनर्निर्माण गरिएको हुन्छ। यसरी हेर्दा अनुभूतिको संरचना कुनै एउटा खास समाजको खास कालखण्ड विशेषको संस्कृतिको आन्तरिक तथ्यको उजागर हो।

रेमण्ड विलियम्सले अनुभूतिको संरचनासम्बन्धी अवधारणाको विकासमा इटालेली चिन्तक ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणालाई आत्मसात् गरेका छन्। यसैका आधारमा उनले कुनै एउटा खास कालखण्डको समयमा कुनै एउटा संस्कृति मूलधार वा केन्द्रीय संस्कृतिको रूपमा रहेको हुन्छ र त्यो प्रभुत्वशाली हुन्छ भनेका छन्। यस क्रममा उनले अनुभूतिको संरचनालाई पिँढीगत परिप्रेक्ष्यमा हेर्न सकिने बताएका छन्। उनका अनुसार समाजमा प्रभुत्वशाली, अधीनस्थ र उदीयमान गरी तीनओटा पिँढी वा पुस्ता विद्यमान हुन्छ र यिनीहरूको आ–आफ्नै अनुभूतिको संरचना हुन्छ। यीमध्ये पहिलो शासकको हैसियतमा हुन्छ र यसले आफ्नो संस्कृति र तत्जन्य अनुभूतिलाई अधीनस्थ पिँढीमाथि विस्तार गर्ने प्रयत्न गरिरहेको हुन्छ। फलतः दोस्रो र तेस्रो पुस्ताले मानसिक दबाब र तनाबको स्थिति भोगिरहेको हुन्छ र त्यसको समाधानका लागि प्रभुत्वशाली पुस्ताको विकल्पमा नयाँ अनुभूतिको संरचना निर्माण गरिरहेको हुन्छ। त्यसैले उनले आफ्नो अवधारणाको व्याख्या गर्ने क्रममा विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएका छन् (पाण्डेय, २०७८, पृ. २९)। यसका माध्यमबाट उनले समुदाय र त्यसभित्रको अन्तर्सम्बन्धको विश्लेषण गर्न सकिने कुराको उल्लेख गरेका छन् र व्यक्ति–व्यक्ति, समूह–समूह र वर्ग–वर्गबीचको अन्तर्सम्बन्धको विश्लेषण गर्नुपर्ने धारणा पनि अघि सारेका छन्। यसबाट व्यक्ति र समूहबीचको अन्तद्र्वन्द्व, दबाब र दमनको अन्तर्सम्बन्ध र दबाब र तनावले जन्माएको अनुभूतिको अध्ययन गर्न सकिन्छ। प्रस्तुत लेख रेमण्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी यसै अवधारणामा आधारित भई 'अब गाउँ ब्युँझियो' कथामा अनुभूतिको संरचनाको विश्लेषण गरिएको छ।

**विमर्श र परिणाम**

कथाकार रोहित दाहालद्वारा लिखित 'अब गाउँ ब्युँझियो' कथा प्रज्ञा आधुनिक नेपाली कथा भाग – ५ मा सङ्गृहीत छ। सामाजिक विषयवस्तुमा आधारित यस कथाले २०४६ सालको नेपाली राजनीतिक परिवर्तनपछिको समय र नेपाली समाजलाई मुख्य परिवेश बनाएको छ। प्रस्तुत कथामा पिँढी र प्रभुत्वको परिप्रेक्ष्यमा र दबाब र तनावको परिप्रेक्ष्यमा अनुभूतिको संरचना प्रतिबिम्बित भएको छ। निर्मला, भूमिपति, पुरेत, गणेश, श्यामे, धनेन्द्र, विश्वकर्मा दाइ, विश्वकर्मा दिदी, टुहुरे दाइ, राँफु कान्छा, पण्डित नरनाथ, तीलचामले, भूमिपतिका धुपौरेहरू, सानो केटा, लोग्नेमान्छे, आइमाई, केटाकेटीहरू जस्ता पात्रहरूको संयोजन गरिएको यस कथामा भूमिपति, तिनका सालो श्यामे र तिनका धुपौरेहरूले प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरेका छन् भने पुरेत बाजेले अधीनस्थ पिँढीको र निर्मला, गणेश, धनेन्द्र, विश्वकर्मा दाइ आदिले उदीयमान पिँढीको प्रतिनिधित्व गरेका छन्। नेपाली समाजको तत्कालीन सामाजिक सन्दर्भ र उक्त सन्दर्भमा निर्मित नयाँ पिँढीका उदीयमान अनुभूतिको संरचनालाई कथामा प्रभुत्वशाली पिंढी र उदीयमान पिंढीका बिचको द्वन्द्व र तिनीहरूले झेलेका दबाब र तनाबका माध्यमबाट प्रतिबिम्बित गरिएको छ।

**'अब गाउँ ब्युँझियो' कथा रचनाको सामाजिक सन्दर्भ**

प्रस्तुत 'अब गाउँ ब्युँझियो' कथा समाजमा व्याप्त जातीय छुवाछुत र त्यसबाट उत्पन्न वर्गीय द्वन्द्वबाट उत्पन्न अनुभूतिको संरचनाबाट निर्मित भएको छ। प्रस्तुत कथामा ग्रामीण नेपाली समाजमा सामन्ती वर्गबाट जातीय विभेदलगायत आर्थिक स्तरका आधारमा गरिने शोषण र दमनलाई वर्षौंदेखि अनुभूति गर्दै आइरहेका र त्यसको प्रतिकार गरी नयाँ सामाजिक व्यवस्था लागु गर्नुपर्ने आवश्यकता बोध गरेका कथाकार व्यक्तित्व र विस्तारै समाज परिवर्तनका

लागि जुटिरहेका सर्वसाधारण मानिसहरूको गतिविधिको यथार्थ प्रतिबिम्बन भएको छ । कथाकारभित्रको समाज परिवर्तनको उत्कट चाहना, तत्कालीन जनवर्गीय तथा जनपक्षीय राजनीतिक गतिविधि र वर्तमान मानिसहरूमा आएको जीवनचेतनाले प्रस्तुत कथाको आख्यान सन्दर्भको पृष्ठभूमि निर्माण गरेको छ। यस क्रममा २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि पुरानै सामन्ती प्रवृत्तिको आडमा समाजमा आफ्नो प्रभुत्व जमाइराख्ने केही सामन्त र राजनीतिक परिवर्तले ल्याएको जातीय विभेद तथा सामाजिक(सांस्कृतिक र आर्थिक शोषणको विरोध गर्दै समानताका पक्षमा जुर्मुराइरहेका आमा सर्वसाधारणहरूको सामाजिक क्रियाशीलता र तिनका बिचको द्वन्द्वमा आधारित घटना, पात्र र परिवेशको चयन गरी त्यसको आख्यानीकरण गरिएको छ । सामन्तहरूको गतिविलिलाई भूमिपति बूढो, तिनका सालो श्यामे र तिनका आसेपासेहरूद्वारा गरिएका छलछाम, धाकधम्की र विभिन्न आरोप प्रत्यारोपका रूपमा प्रतिबिम्बन गरिएको छ भने निर्मला, धनेन्द्र, गणेश, विश्वकर्मा आदिले सामाजिक न्यायका लागि गरेका प्रयत्नबाट तत्कालीन राजनीतिक कार्यकर्ता र जनता स्वयम्ले आफ्नो हकहितका लागि गर्ने प्रयत्नको प्रतिबिम्बन गरिएको छ । राजनीतिक संरचनामा नवीन चिन्तन र विचारधाराको प्रादुर्भाव भइसक्दा पनि पुरानै सोँचमा मग्न भएर सत्तासिन भइरहन चाहने तत्कालीन सामन्तहरू भने पुराना व्यवस्थाको विरोध गरी सामाजिक न्यायको आवाज उठाउनेहरूलाई साम, दाम, दण्ड र भेदमध्ये कुनै पनि नीति अपनाएर परास्त गर्न खोज्ने तत्कालीन सामन्तहरूको मनस्थिति र तिनका कार्यलाई विभिन्न घटनाक्रमका माध्यमबाट कथामा प्रस्तुत गरिएका छन् । भूपति तथा तिनका मान्छेले कहिले पुरेतलाई धम्क्याउने, कहिले उनकी छोरी निर्मलालाई फकाउने तथा सम्झाइबुझाइ गर्न खोज्ने, कहिले केटाकेटीलाई कुटपिट गर्ने, कहिले कुवा छोएको निउमा विश्वकर्मालाई कुटेर मार्ने र अन्ततः गाई मारेको झुटो आरोपमा गणेशलाई पुलिसद्वारा पक्राउनेजस्ता गतिविधिले तत्कालीन सामन्तहरूको मनस्थितिको उजागर गरेको छ । अर्कातिर विश्व राजनीतिमा उदाएको नयाँ क्रान्ति र त्यसले ल्याएको सामाजिक परिवर्तनलाई स्वीकार्दै समाज परिवर्तनका लागि होमिएका नयाँ पुस्ताहरूको सोँच वा मनस्थितिलाई निर्मला, गणेश, विश्वकार्माजस्ता पात्रहरूको सङ्घर्ष र क्रियाशीलताले देखाएको छ । यस किसिमबाट प्रस्तुत कथामा प्रभुत्वशाली पिँढी र उदीयमान पिँढीको परस्पर विरोधी चेतना र विचारधाराको समन्वय गरी नयाँ चेतना लिएका नयाँ पिँढीका मानिसहरूको बाहुल्य देखाई कथावस्तुलाई पूर्णता दिलाइएको छ ।

**कथामा संस्कृति र अनुभूति : पिंढी र प्रभुत्वको परिप्रेक्ष्यमा**

प्रस्तुत 'अब गाउँ ब्युँझियो' कथा जातीय भेदभावमूलक सामन्तवादी व्यवस्थाको जगमा उभिएको छ । यस कथामा विश्वकर्मा दाइको हत्या र गणेशको गिराँतारी यसैको परिणति हो । कथाकी प्रमुख पात्र निर्मला पण्डितकी छोरी भएर पनि जातीय भेदभावको अन्त्यका लागि सङ्घर्षरत रहँदा ऊ लगायत उसका पिता पण्डितले समेत त्यहाँका सामन्त भूमिपतिको धम्कीको सामना गर्नुपरेको छ । उनीहरूले भोग्नुपरेको यस किसिमको उत्पीडन सामन्तवादी सामाजिक आर्थिक संरचनाको परिणति हुन् । तसर्थ प्रस्तुत कथाको सांस्कृतिक पृष्ठभूमि र तत्जन्य अनुभूतिको संरचना पनि त्यसै अनुरूप सामन्तवादी सामाजिक आर्थिक संरचनाको सांस्कृतिक उत्पादकका रूपमा देखा परेका छन् ।

प्रस्तुत कथाको भूमिपति आर्थिक दृष्टिकोणबाट सम्पन्न सामन्त वर्गको प्रतिनिधि चरित्र हो जसले तत्कालीन नेपाली समाजको प्रभुत्वशाली पिंढीको प्रतिनिधित्व गरेको छ । ऊ एउटा व्यक्ति पात्र भए पनि उसले सिङ्गो समुदायको प्रतिनिधित्व गरेको छ । उसले आर्थिक तथा जातिगत रूपमा पिछडिएका दलित तथा तिनका समर्थकहरूमाथि प्रभुत्व कायम गरिराख्न र अर्को पिंढीलाई अधीनस्थ तुल्याइराख्न हरदम प्रयत्न गरेको छ । आँनो सामन्ती हैकम र रवाफ देखाउ"दै ऊ भन्छ— "छोरी मान्छे बासेको राम्रो हुन्न... तिम्री छोरीको चाला निको छैन, गणेशसँग सल्केकी छ भन्ने हल्ला छ । बाहुनकी छोरी त्यो दमाईसँग हिँडी भने तिम्रो आतेपाते सबै गुन्द्रुकको झोलमा डुब्ला ।" (पृ.४४) भूमिपतिको यस भनाइमा उसको वैयक्तिक चरित्र मात्रै उद्घटित नभई उसको समग्र पिंढी र संस्कृतिको प्रतिनिधित्व भएको छ । तत्कालीन समयका सामन्त वर्ग र सामन्तवादी प्रवृत्ति भएका मानिसहरूले महिला र दलितलाई सधैँ दबाएर राख्ने गरेको यथार्थको प्रकटीकरण यस अभिव्यक्तिले गरेको छ । कथाका अन्य पात्रहरू श्यामे, पण्डित नरनाथ र भूमिपतिका

धुपौरेहरूले पनि प्रभुत्वशाली पिंढी र संस्कृतिको प्रतिनिधित्व गरेको छ । श्यामेले एकातिर सानो केटाले काटेको घाँस खोसेर लान खोज्नुका साथै निर्मलाको शरीरमा हात हाल्न पनि खोजेको छ भने अर्कातिर गणेशलाई गाई मारेको आरोप लगाएर पुलिसलाई पक्राएको छ । त्यसैगरी पण्डित नरनाथले दलितहरूको विरुद्ध भूमिपतिलाई कुरा लगाएको छ र भूमिपतिका धुपौरेहरूले मौन रूपमा उसका गतिविधिलाई समर्थन गरेको छ ।

प्रस्तुत कथाका पुरेत बाजे अधीनस्थ वर्गको प्रतिनिधि चरित्र हो । ऊ भूमिपति जस्ता ठूला मान्छेसँग जोरी खोज्न नहुने धारणा राख्छ । यदि यसो गरेमा आफ्नो जात काढ्ने र न्वारान सराद्धे जस्ता कार्यमा आफूलाई बहिष्कार गर्ने कुराबाट ऊ त्रसित छ । उसको यस अनुभूति कथामा यसरी अभिव्यक्त भएको छ— "ठूला मान्छेसँग जोरी खोज्नुहुन्न छोरी । उनीहरूले चाहे भने हाम्रो जात काढ्न पनि सक्छन् । न्वारान, सराद्धे हुँदा मलाई बहिष्कार पनि गर्न सक्छन् ।" (पृ.४१) उसको यस अभिव्यक्तिबाट तत्कालीन समाजमा अधीनस्थ पिंढीले प्रभुत्वशाली पुस्ताको संस्कृतिलाई नकार्न नसक्ने बरु त्यसलाई आफ्नै अनुभूति ठान्ने अवस्था रहेको कुरा पुष्टि हुन्छ ।

प्रस्तुत कथामा प्रभुत्वशाली संस्कृतिको विकल्पमा नयाँ संस्कृति निर्माणका लागि उदीयमान पिंढी सशक्त रूपमा देखा परेका छन् । यस्ता पिंढीको प्रतिनिधित्व निर्मला, गणेश, धनेन्द्र, विश्वकर्मा दाइ र उनकी पत्नीले गरेका छन् । तत्कालीन समाजमा अवस्थित प्रभुत्वशाली संस्कृति जातिगत तथा लैङ्गिक रूपमा विभेदकारी रहेकाले यस्तो संस्कृतिको विरुद्धमा यी पात्रहरू सक्रिय रहेका देखिन्छन् । यीमध्ये गणेश, विश्वकर्मा दाइ र उनकी पत्नी दलित समुदायका हुन् भने निर्मला र धनेन्द्र जातिगत रूपमा प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको माथिल्लो जात भनिने ब्रह्मण समुदायका हुन् । यद्यपि यी नै धनेन्द्र र निर्मला जातीय भेदभावमूलक परम्परित संस्कृति निर्मूल गर्नका लागि बढी क्रियाशील देखिन्छन् । यसका लागि उनले पटक पटक आवाज उठाएका छन् । अधीनस्थ पिंढीका निर्मलाका पिताले यस्ता गतिविधिमा लाग्दा आफ्नो जात काढिन सक्ने भन्दै यसो नगर्न निर्मलालाई आग्रह गर्दा निर्मला भन्छिन्— "उनीहरूको कानुन मानेर अब कतिञ्जेल बस्ने, अब त तोड्नुपर्छ यस्ता कुराहरू ।" (पृ.४२) यसै गरी भूमिपतिले तल्ला जातका किराहरूले बाहुन काट्न बेर नलाउने हुनाले यस्ता कुरामा नलाग्न उनलाई सल्लाह दिंदा उनी भन्छिन्— "बाहुन काट्ने कुरा काँ गरेका छन् ? बाहुन बराबरको अधिकार पो खोजेका हुन् ।" (पृ.४४) प्रस्तुत अभिव्यक्ति समाजमा उदीयमान नयाँ पिंढीको अनुभूति हो । उक्त अभिव्यक्तिबाट प्रभुत्वशाली पिंढी र तिनका संस्कृति मानिस मानिसका बिचमा विभेद सिर्जना गर्ने विभेदकारी भएकाले त्यसको विकल्पमा अबका नयाँ पिंढीहरू समानतामूलक नयाँ संस्कृति निर्माणका लागि उदीयमान अवस्थामा रहेका छन् भन्ने कुराको पुष्टि हुन्छ ।

प्रस्तुत कथामा विश्वकर्मा दाइले पुराना सामन्तवादी संस्कृतिलाई चुनौती दिंदै दलित मोर्चा गठन गरेका छन् यद्यपि उसको मृत्यु यसै कारण भएको छ तर उनले प्रभुत्वशाली संस्कृतिका अगाडि घुँडा टेकेका छैनन् । गणेश यसै मोर्चामा क्रियाशील छन् भने धनेन्द्रले यसलाई समर्थन गरेका छन् । पुरानो संस्कृतिलाई तोड्दै विश्वकर्माकी पत्नी पतिको मृत्युपश्चात् पनि रातो पहिरनमा हिंडेकी छन् भने गणेशको गिरफ्तारीपछि अन्य लोग्नेमान्छे, आइमाई, केटाकटी सबैजना जुलुसमा निस्किएका छन् । यी सबै घटनाले तत्कालीन प्रभुत्वशाली वर्ग र संस्कृतिका विरुद्ध जनतामा विद्रोह मनस्थिति तयार भई नयाँ संस्कृति निर्माणमा जुटिरहेको अनुभूतिलाई बुझाउँदछ । तलका भनाइले अझ यस कुराको पुष्टि गर्दछ— ""कि मृत्यु, कि मुक्ति" नाराहरू गञ्जिँदै थिए । घरभित्र चुकुल लगाएर बसेका लोग्नेमान्छे, आइमाई, केटाकेटीहरू पनि ब्युझँदै ढोका उघारेर जुलुसमा मिसिए । निर्मला हर्षले गद्गद् भई ।" (पृ.४५) । यसरी प्रस्तुत कथामा दुई एकातिर पुराना पिंढीका प्रभुत्वशाली संस्कृति दमनकारी अवस्थामा रहेको देखिन्छ भने अर्कातिर त्यसका विरोधमा उदीयमान नयाँ पिंढीहरू नयाँ मूल्य र मान्यता सहित वैकल्पिक संस्कृतिको निर्माणमा जुटिरहेको देखिन्छ ।

**दबाब र तनावका परिप्रेक्ष्यमा अनुभूतिको संरचना**

प्रस्तुत ‘अब गाउँ ब्युँझियो’ कथा नयाँ पिंढीका उदीयमान संस्कृतिको अनुभूतिको संरचनामा आधारित छ। यद्यपि उक्त पिंढी प्रभुत्वशाली सामान्तवादी संस्कृतिको दबाब र तनावकै कारण विकल्पको खोजीमा नयाँ सांस्कृतिक अनुभूति सहित उदीयमान अवस्थामा देखिएका हुन्। दबाब र तनावका मुख्य कारणका रूपमा एकातिर आर्थिक उत्पादनमूलक संस्कृति रहेको छ भने अर्कातिर लिङ्गीय र वर्गीय चिन्तनमूलक संस्कृति रहेको छ। कथाको आरम्भ भागबाटै दबाबजन्य अनुभूतिको प्रकटीकरण भएको यस कथामा पुरै कथाभरि दबाब र तनावको अनुभूति रहेको छ र यसैको संरचनामा कथावस्तु संरचित छ।

कथाकी प्रमुख पात्र निर्मलाले प्रभुत्वशाली वर्गका श्यामेको डँडाल्नुमा हँसिया रोपिदिएको भन्दै प्रमुख सामन्त भूमिपतिले कथानको सुरुमै उनका पितालाई छोरी तह लगाउन आदेश दिएको छ। यसबाट उनमा दबाब र तनावको अनुभूति सिर्जना भएको छ। पुरेतबाजेको आर्थिक उत्पादनको साधन पुरेत्याइँ भएकाले यदि केही गरी जात काढिएमा वा जजमानीबाट बहिष्कार गरिएमा गाह्रो हुने दबाब पैदा भएको छ। त्यसपछि विश्वकर्माको मृत्युले सबै मानिस तनावग्रस्त अवस्थामा पुगेका छन् भने अब यसपछि के गर्ने भन्ने दबाबको सिर्जना उनीहरूमा भएको छ। यसैको परिणामस्वरूप हाटबजारमा आमसभा बसेको छ र त्यहाँ नारा जुलुस पनि गरिएको छ। यसै गरी दलितलाई साथ नदिनका लागि भूमिपतिले निर्मलामाथि पुनः दबाब सिर्जना गरेको छ भने गणेशलाई नभएको आरोप लगाएर पुलिसलाई पक्राउँदा आम मानिस तनावग्रस्त भएका छन् र अन्तमा उनीहरू नाराजुलुस लगाउने स्थितिमा पुगेका छन्। यसले उदीयमान नयाँ चेतनाको अनुभूतिलाई सङ्केत गरेको छ।

यहाँ अधीनस्थ र उदीयमान पिंढी मात्र होइन स्वयम् प्रभुत्वशाली पिंढीमा पनि दबाब र तनाबको अनुभूति पैदा भएको छ। भूमिपति र श्यामे जस्ता प्रभुत्वशाली पिंढीका सामन्तहरूले पुरेतबाजे, निर्मला, गणेशजस्ता अधीनस्थ र उदीयमान पिंढीका व्यक्तिहरूलाई आ॑नो अधीनमा राख्न दबाब सिर्जना गरे पनि पुरेतबाजे बाहेक अन्यले उनीहरूको अधीनस्थतालाई नस्वीकारी उल्टै उनीहरूको बिरुद्ध आमसभा र नारा जुलुस गरेका छन्। यसले गर्दा उनीहरूमा पनि दबाब र तनाबको अनुभूतिजन्य स्थिति सिर्जना भएको छ। यस कुराको पुष्टि प्रस्तुत अभिव्यक्तिबाट गर्न सकिन्छ— ““‘हजुर ! बर्बाद भयो। विनाशै हुने भो, कलियुगको सुरुवात भएजस्तो छ।’’ उसले सुनायो... “ अहो ! दमाई–कामीहरूले सभा गरे हाटमा, मान्छे त कत्ति–कत्ति। बाहुन मास्ने कुरा गरे तिनेरूले।”’’ (पृ.४३) यसरी नयाँ पिंढीका उदीयमान संस्कृतिले दबाब दिएकै कारण भूमिपति पटक पटक निर्मलाको घरमा उसलाई सम्झाउन गएको छ र कथानकले अझ गति लिएको छ। यस प्रकारले दबाब र तनावको बिचबाट विशिष्ट किसिमको अनुभूतिको संरचना निर्माण भएको छ।

**निष्कर्ष**

प्रस्तुत लेख ‘अब गाउँ ब्युँझियो’ कथामा पिंढीगत अनुभूति र दबाब र तनावजन्य अनुभूतिलाई कसरी संरचनाको रूपमा प्रस्तुत गरिएको छ भन्ने विषयमा केन्द्रित रहेको छ। प्रस्तुत कथामा २०४६ सालको राजनैतिक परिर्वतनपछिको समय र समाज र तीसँग सम्बद्ध घटनाजन्य अनुभूतिले संरचनात्मक स्वरूप प्राप्त गरेको छ। तत्कालीन समयमा पिंढीगत रूपमा प्राप्त हुने भिन्न अनुभूति र तिनले सिर्जना गरेको जातीय विभेद र सामाजिक(सांस्कृतिक तथा आर्थिक विभेदले तनावग्रस्त पारेको तत्कालीन सामाजिक परिवेशप्रति कथाकारको संवेदनशीलता र समतामूलक समाज परिवर्तनप्रतिको व्यग्र चाहनाजन्य अनुभूतिले कथाको आख्यानजन्य संरचना निर्माण गरेको छ। यस क्रममा तत्कालीन समयमा पुरानो सामन्तवादी संस्कृतिको विरुद्धमा नयाँ वैकल्पिक संस्कृतिको उदय हुँदै गइरहेको सामाजिक यथार्थको अनुभूति प्रकट भएको छ। यसमा मूलतः दुईवटा पिंढीको सांस्कृतिक अनुभूति सशक्त रूपमा प्रकट भएको छ। भूमिपति, श्यामे र तिनका आसेपासेले प्रभुत्वशाली सामन्तवादी सांस्कृतिक अनुभूतिलाई प्रकट गरेका छन् भने निर्मला, गणेश, धनेन्द्र, विश्वकर्मा लगायतका अन्य धेरै मानिसहरूले प्रभुत्वशाली सामान्तवादी संस्कृतिका विकल्पका रूपमा

नयाँ संस्कृतिको निर्माणमा जुटेका उदीयमान पुस्ताका अनुभूतिलाई प्रस्तुत गरेका छन् । यीबाहेक यहाँ अधीनस्थ पिँढीका रूपमा पुरेतबाजे पनि आएका छन् । यी पुस्ताहरूमा दबाब र तनावको स्थिति सिर्जना भई कथावस्तु अघि बढेको छ र यसैबीचबाट विशिष्ट अनुभूतिको संरचना निर्माण भई पिंढीगत अनुभूतिको संरचना निकै सशक्त ढङ्गले अभिव्यक्त भएको छ । यसले परम्परादेखि वर्तमान समयसम्म जरो गाडेर बसेको जातीय, धार्मिक र आर्थिक तथा सामाजिक र सांस्कृतिक विभेदको यथार्थ चित्रण गरी नेपाली समाजमा अवस्थित मानिसका पिंढीगत अनुभूतिलाई विशिष्ट र कलात्मक रूपमा प्रस्तुत गरेको छ ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, अनिल र तिमल्सेना, बाबुराम (सन् २०२३). परालको आगो कथामा अनुभूतिको संरचना, *The Journal of Knowledge and Innovation*. *9* (2) 48-54. https://doi.org/10.3126/jki.v9i2.55151

दाहाल रोहित (२०७३). अब गाउँ ब्युँझियो. इस्माली र गौतम, लक्ष्मणप्रसाद (सम्पा.). *प्रज्ञा आधुनिक नेपाली कथा* (भाग–५, पृ. ४०-४५). नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, दीपकप्रसाद (सन् २०२४). प्रतिध्वनिहरू विस्मृतिका उपन्यासमा अनुभूतिको संरचना, *Historical Journal, 16* (1) 142-157. https://doi.org/10.3126/hj.v16i1.76379

जोशी, होमनाथ (सन् २०२५). थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना. *BMC Research Journal, 4* (1) 251-266. https://doi.org/10.3126/bmcrj.v4i1.80171

पाण्डेय, ताराकान्त, (२०७३). मार्क्सवाद, *सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन ।

पाण्डेय, मैनेजर, (सन् २००६ तृतीय सं.). *साहित्य के सामाजशास्त्र की भूमिका*, गोयल इन्टरप्राइजिस ।

लामा, असमान (सन् २०२२). कुलेले आत्महत्या गऱ्यो ? कथामा अनुभूतिको संरचना. *DMC Journal, 7*(6) 1-8. https://doi.org/10.3126/dmcj.v7i6.57658

लामिछाने, शारदादेवी (सन् २०२६). विकासको कुलो कथामा अनुभूतिको संरचना, *COGNITION, 8* (1) 132-143. https://doi.org/10.3126/cognition.v8i1.89806

सिलवाल, हरिप्रसाद (सन् २०२३). अग्निदत्त+अग्निदत्त उपन्यासमा अनुभूतिको संरचना. *Humanities and Social Sciences Journal 14* (2) 127-136. https://doi.org/10.3126/hssj.v14i2.58097

Williams, R. (1965). *The long revolution*. Penguins Books Pvt. Ltd.